Email: akcsiraha@gmail.com
website: akcsiraha.p2.gov.np
फोनः ०३३-५२०६०५
Mob. 9852880500/9852880501

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

## सिरहा

प.सं.०८०/०८१
च.नं.

**कृषि यान्त्रिकरण तथा मेशिनरी औजारहरुको आपूर्तिकर्ता सूचिकृत हुने सम्बन्धी प्रति इकाई दरभाउ सहित सिलवन्दी आवेदन (प्रस्ताव) आव्हानको सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८०/१२/२२ गते )

यस कार्यालयको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि यन्त्र उपकरण प्रवर्द्धन सहयोग र सार्वजनिक, निजी साझेदारी मोडेलमा Custom Hiring Centre स्थापनाको लागि कृषि कार्यमा प्रयोग हुने कृषि यन्त्र उपकरण तथा मेशिनरी औजारहरुको आपूर्ति कार्य यस कार्यालयको अनुदान सहयोग तथा अनुदानग्राही (कृषक/समूह/सहकारी/फर्म/कम्पनी/स्थानीय तह) को साझेदारीमा आपूर्ति गर्नु पर्ने भएकोले यस जिल्लामा कृषि यन्त्र उपकरण तथा मेशिनरी औजारहरुको आपूर्ति गर्न यन्त्र उपकरण तथा बिक्री पश्चातका सेवा उपलब्ध गर्न सक्ने वर्कशप तथा जनशक्ति भएको र आपूर्ति आदेश भएको बेलामा तुरुन्त कृषकलाई स्वीकृत मेशिनरी उपकरण (स्वचालित/एटैचमेन्टस) साना मझौला वा अन्य आवश्यक कृषि कार्य उपयोगी मेशिनरीहरु आफू संग मौज्दात भएको ईच्छुक आपूर्तिकर्ताबाट यो सूचना प्रकाशन भएको मितिले १५ औ दिन (मिति २०८१/०१/०६ गते सम्म) १२.० बजे भित्र निर्धारित ढाँचामा मेशिनरी उपकरणहरुको विशिष्ट गुण (स्पेशिफिकेशन) सहितको कानुन बमोजिम फर्म दर्ता/कर दर्ता/करचुक्ता लगायत अन्य आवश्यक कागजात प्रमाणहरु सहित विस्तृत विवरण उल्लेख गरी प्रति ईकाई दरभाउ/मूल्य सहित हरेक पानामा आवेदकले प्रमाणित गरेको सही छाँप गरी शिलबन्दी आवेदन (प्रस्ताव) फाराम यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । आवेदकको सहि छाँप नभएको पाना मान्य हुने छैन। यस्ता पाना स्वतः रद्द हुने छ ।

प्राप्त प्रस्तावहरु मध्ये स्पेशिफिकेशन तथा न्यूतम मूल्यको आधारमा अनुदान स्विकृत हुने तथा प्राप्त प्रस्तावहरु मध्ये छनौट सूचिमा परेका आपूर्तिकर्ताहरु संग प्रति ईकाई आपूर्ति सम्झौता गरी यस कार्यालयको आपूर्ति (सिफारिश) टोकनको आधारमा अनुदानग्राही कृषकलाई बिक्री (आपूर्ति) गरी कुल लागत मध्ये अनुदानग्राही कृषक दायित्वको रकम कृषकबाट नै भुक्तानी (बुझि) लिई मेशिनरी औजार उपकरणको आपूर्ति/बिक्री गरेको परिमाणको आधारमा बिल भरपाई लगायतका कागजात पेश गरी स्विकृत/तोकिएको अनुदान रकम मात्र भुक्तानी पाउने गरी निर्धारित आपूर्ति प्रकृया अनुसार कार्य संचालन हुने छ । आवेदन प्रस्ताव फाराम रु.१०००.० (एक हजार मात्र) पछी फर्ता नहुने गरी यस कार्यालयको नाममा राजश्व शिर्षक नं १४२२९ मा बैक दाखिला गरी भौचर पेश गरे पश्चात यस कार्यालयबाट प्राप्त गर्न सकिन्छ । अन्य विस्तृत जानकारी आवेदन फाराममा उल्लेख गरिएको छ । कुनै पनि कारण जनाई वा नजनाई प्रस्तावपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस ज्ञान केन्द्रमा निहित रहनेछ ।

कार्यालय प्रमुख

नरेन्द्र कुमार महासेठ
प्रमुख